# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

## जनशक्ति व्यवस्थापन विभाग

### खुला प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन सम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फका पदहरुमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सन्दर्भमा मिति २०७७/०९/०३ देखि अनलाईन दरखास्त फाराम भर्न आव्हान गरिएकोमा रीतपूर्वक दरखास्त दिने उम्मेदवारहरुले लोक सेवा आयोगबाट सञ्चालन हुने लिखित परीक्षामा सहभागी हुन देहाय बमोजिम गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यस बैंकको Website: www.nrb.org.np को Career भित्र राखिएको Online Portal (Online Portal For Open Competition) Link : https://jobs.nrb.org.np/open बाट अनिवार्यरुपमा Covid Self Declaration Form भर्ने ।

२. उक्त पोर्टलबाट प्रवेश पत्र प्रिन्ट निकाल्ने । मोवाइल फोन तथा इलेक्ट्रोनिक्स डिभाइसलाई परीक्षा केन्द्रमा निषेध गरिएकोले प्रिन्ट गरिएको प्रवेश पत्र लैजाने । परीक्षामा प्रवेश पत्रका साथै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी फोटोसहितको परिचय पत्र अनिवार्य रुपमा लैजाने ।

३. परीक्षाको लागि तोकिएको समयभन्दा १ घण्टा अगावै परीक्षा केन्द्रमा पुग्ने ।

४. परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयम्ले माक्स, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीको व्यवस्था गर्ने ।

५. परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा, शौचालयको प्रयोग गर्नुपर्दा एकआपसमा दुई मिटर दूरी कायम गर्ने ।

६. कोभिड-१९ संक्रमण भएका परीक्षार्थीहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था हुने भएकोले संक्रमित भएमा यस बैंकको टेलिफोन नं. ०१-४४१९८०४/०७ एक्सटेन्सन नं.: १३८ र १४६ वा ०१-४४४१०३६ मा सम्पर्क गरी जानकारी दिने ।

२०७८।८।१९

(तुलसी प्रसाद घिमिरे)
का.मु. कार्यकारी निर्देशक

**पुनश्च :** परीक्षार्थीले पालना गर्नुपर्ने थप व्यवस्था लोक सेवा आयोगबाट प्रकाशित परीक्षा कार्यक्रम र परीक्षा केन्द्र सम्बन्धी सूचनामा हेर्नुहुन सूचित गरिन्छ ।